स्थानिय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५
अनुसूची-२
(दफा ४ तथा अनुसूची-१ को भाग १ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०६ संख्याः २२ मितिः २०७९।१०।१०

## भाग-१

## विरुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०७९।१०।०६ गते विरुवा गाउँपालिकाको १२ औं गाउँसभाले बनाएको **“बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७९"** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना:**

विरुवा गाउँपालिकालाई बालमैत्रीनगरको रुपमा स्थापित गराउने अभिप्रायले बालबालिकाको हकहितलाई प्रवर्द्धन गर्ने, घरपरिवार र समाजमा बालबालिकाप्रतिको दृष्टिकोणलाई सामाजिक रुपमा बालअधिकार सम्बन्धी बिद्यमान सङ्घीय कानुन र नेपालले पक्ष राष्ट्रको हैसियतबाट अनुमोदन गरेका अन्तराष्ट्रिय महासन्धीको भावनाअनुरूप गरिने क्रियाकलापहरुलाई व्यवस्थित रुपमा अघि वढाउनु नगरपालिकाको महत्वपूर्ण कार्य हो भन्ने तथ्यलाई दृष्टिगत गर्दै बालअधिकारका क्षेत्रमा देखिएका प्रतिकुल अवस्थालाई आधार मानेर स्थानीय तहमा बालबालिकाको हकहितलाई संरक्षण गर्ने, आवश्यकतालाई पहिचान गर्ने, सम्बद्ध क्षेत्रको समस्यालाई न्यूनीकरण गर्दै जानु स्थानीय सरकारको मूलभूत कर्तव्य समेत हुदाँ बालअधिकार संरक्षणका क्षेत्रमा देखिएका चूनौतिहरुलाई सहि ढंगले सम्बोधन गर्न आवश्यकता महसुस गरी विरुवा गाउँपालिकाको गाउँसभावाट प्रस्तुत बालबालिकाको अधिकार सम्बन्धि ऐन २०७९ बनाई जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्तनाम र प्रारम्भ :** (१) यस ऐनको नाम **“बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७९"** रहने छ ।

(२) यो ऐन विरुवा गाउँपालिकाको गाउँ सभाले पारित गरेको मिति देखि लागू हुने छ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क.) **"बालअधिकार"** भन्नाले यस ऐनको दफामा व्यवस्थित बालबालिकाको अधिकारलाई जनाउँछ ।

(ख.) **“महासन्धी”** भन्नाले बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धी सन १९८९ लाई जनाउँछ ।

(ग.) **“समिति”** भन्नाले ऐनको दफा ३ (१) बमोजिम गठित समितिलाई जनाउँछ ।

(घ.) **“संरक्षण अधिकारी”** भन्नाले ऐनको दफा ३ (२) बमोजिम गठित समितिको प्रमुख भै काम गर्ने अधिकारीलाई जनाउँछ ।

## परिच्छेद २
## बालसंरक्षण समिति सम्वन्धी व्यवस्था

**३. बाल संरक्षण समितिको गठन तथा कार्य संचालन विधि :** (१) विरुवा गाउँपालिकामा देहाय वमोजिमको एक बाल संरक्षण समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको वडा अध्यक्ष वा कार्यपालिका सदस्य - संयोजक

(ख) गाउँपालिका अध्यक्षले तोकेको गाउँ सभा सदस्य १ जना- सदस्य

(ग) जिल्ला बाल संरक्षण समितिको प्रतिनिधि १ जना - सदस्य

(घ) बालअधिकारको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाको प्रतिनिधि १ जना - सदस्य

(ङ) गाउँपालिका क्षेत्रभित्र स्थापित बालसुधार गृह भए सोको प्रतिनिधि १जना - सदस्य

(च) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(ङ) गाउँपालिकाको बालबालिका सम्वन्धित शाखाको प्रमुख - सदस्य सचिव

(२) बाल संरक्षण अधिकारी सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ

**४. बाल संरक्षण समितिको कामकर्तव्य र अधिकार**

(क) बालबालिकाको हकहित संरक्षण सम्वन्धी योजनाको तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने,

(ख) संघीय कानुन अनुसार स्वीकृत बालअधिकार सम्बन्धी शिक्षा नीतिका कार्यक्रमहरु तयार गर्ने,

(ग) उपदफा (क) र (ख) मा उल्लेख गरिएका योजना र कार्यक्रमहरुलाई लागु गर्न आवश्यक संयन्त्र तयार गर्ने ।

(घ) बाल अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुको अभिलेख राख्ने, अनुगमन र नियमन गर्ने ।

**५. बाल संरक्षण समितिको कार्यकाल**

दफा ४ बमोजिमको समितिको कार्यकाल गठन भएका मितिले पाँच बर्ष को हुनेछ ।

**६. नियम बनाउने अधिकार :**

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियमावली बनाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

**७. वाधा अडकाउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्दा वाधा अड्काउ परेमा बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा हुनेछ ।

आज्ञाले
अनन्तराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत